# उत्तरगया गाउँपालिका कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन निर्देशिका २०८०, उत्तरगया गाउँपालिका, रसुवा

**प्रस्तावना**

उत्तरगया गाउँपालिकाका कृषकहरुलाई कृषि तथा पशु उद्यम, सीप विकास, घरेलु उद्योग जस्ता व्यवसायिक क्षेत्रमा आकर्षण र उत्प्रेरित गरि स्वरोजगारको सिर्जना गर्दै समग्र राष्ट्र विकासको रणनीतिमा योगदान गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि कृषि तथा पशु उद्यमशिलता विकास कार्यक्रम सन्चालन निर्देशिका निर्माण गरि लागू गर्न वान्छनिय भएकोले यो निर्देशिका निर्माण गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. यो निर्देशिकाको नाम "**उत्तरगया गाउँपालिका कृषि तथा पशु विकास कार्यक्रम** सन्चालन **निर्देशिका** २०८०" रहेको छ ।

२. यो निर्देशिका उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको निर्णय पश्चात प्रारम्भ हुनेछ ।

३. **परिभाषा** : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा -

क) "कार्यविधि" भन्नाले **साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९** लाई सम्झनु पर्दछ ।

ख) "कार्यक्रम" भन्नाले उत्तरगया गाउँपालिकाले आफ्नै स्रोत वा अन्य सरकारी वा गैह्र-सरकारी संस्था संग साझेदारी गरि सञ्चालन गर्ने कार्यक्रमलाई सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले उत्तरगया गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ) "साझेदारी" भन्नाले स्थानीय तह, गैह्र-सरकारी संघ-संस्था, सामुदायिक संघ-संस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरिने साझेदारी कार्यक्रम वा योजनालाई सम्झनु पर्दछ ।

ङ) "गैह्र-सरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र-सरकारी संस्थालाई सम्झनु पर्दछ ।

च) "ऐन" भन्नाले विषय वा प्रसंगले अर्को अर्थ नलागेमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

छ) "युवा" भन्नाले १८ देखि ४५ वर्ष उमेर भएको व्यक्तिलाई सम्झनु पर्दछ । तर विगत देखि कृषि तथा पशु पालन व्यवसायमा संलग्न हुँदै आएका वा विदेशबाट फर्केका र कृषि तथा पशुपालनको क्षेत्रमा काम गर्न ईच्छुक व्यक्तिको हकमा ४५ वर्ष भन्दा बढी उमेर भएका व्यक्तिहरुलाई पनि वडा समितिको सिफारिसमा कार्यक्रममा सहभागि गराउन सकिनेछ ।



२०८०/०८/१४
कमेरी गुरुङ
कार्यवाहक अध्यक्ष

ज) "समिति" भन्नाले गाउँपालिका स्तरीय परियोजना व्यवस्थापन तथा अनुगमन समितिलाई सम्झनु पर्दछ ।

झ) "समूह" भन्नाले मूल समूह, उपहार समूह, युवा समूह, कृषि समुहलाई जनाउनेछ ।

ञ) "माऊ बाख्रा" भन्नाले ६ महिना माथिका पोथी बाख्रालाई जनाउनेछ ।

ट) "गाई, भैंसी" भन्नाले दुधालु वा गर्भिणी उन्नत तथा स्थानीय जातको गाई/भैंसी तथा तिनीहरुको बर्णशंकरलाई जनाउनेछ ।

ठ) "तरकारी खेती" भन्नाले मौसमी वा बेमौसमी तरकारीलाई जनाउनेछ । साथै "टनेल" भन्नाले तरकारी खेती प्रयोजनका लागि कम्तीमा १० मीटर लम्बाई र ३.५ मीटर चौडाई भएको प्लाष्टिक घरलाई जनाउनेछ ।

ड) "माऊ बंगुर" भन्नाले ६ महिना माथिका पोथी बंगुर (भुनी) वा माऊबाट छुटाएर प्रजननका लागि राखिएका पाठीलाई जनाउनेछ ।

ढ) "लोकल कुखुरा" भन्नाले क्षाकिनी, प्वाँख उल्टै र घाँटी खुइले जातको भाले र पोथीलाई जनाउनेछ ।

ण) "बीउ बोका" भन्नाले ८ महिना उमेर पुगेको कम्तीमा ३० केजी जिउदो तौल भएको उन्नत बोकालाई जनाउनेछ ।

त) "बीउ राँगो वा साँढे" भन्नाले २.५ वर्ष उमेर पुगेको उन्नत राँगो वा साँढेलाई जनाउनेछ ।

थ) "फलफूल खेती" भन्नाले अमिला जातका फलफूल वा तिनसंग मिश्रित गरी लगाईने अन्य फलफूल लाई जनाईनेछ ।

ध) "अकबरे खुर्सानी" भन्नाले अन्य खुर्सानीको तुलनामा निकै पिरो तर स्वास्थ्यको लागि फाईदाजनक रहेको खुर्सानी भन्ने बुझिनेछ । यसलाई डल्ले खुर्सानीको उपनामले पनी चिनिन्छ ।

न) "मौरी" भन्नाले यस क्षेत्रमा पालिदै आइएको एपिस सेरेनालाई जनाउनेछ ।

प) परियोजना व्यवस्थापन तथा अनुगमन समिति भन्नाले गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठित समितिलाई जनाउनेछ ।

फ) परियोजना व्यवस्थापन समिति भन्नाले वडा अध्यक्षको संयोजकत्वमा गठित समितिलाई जनाउनेछ ।

## परिच्छेद-२
## परियोजना सञ्चालनको तरिका र कार्यान्वयनको जिम्मेवारी

१. परियोजना सञ्चालनको मूख्य जिम्मेवारी गाउँपालिकाको हुनेछ । तर गाउँपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सम्झौता गरेको अवस्थामा संस्थासँग भएको सम्झौता बमोजिम समन्वय र सहकार्यमा हुनेछ ।

२. कार्यान्वयनको तरिका:



कर्णी गुरुङ
कार्यवाहक अध्यक्ष

क) अनुदानमा आधारित सहभागिता सहितको कार्यक्रम

ख) उपहार मोडेल

३. कार्यक्रम सञ्चालन तरिका

कार्यक्रम लाभान्वित समुहलाई लक्षित गरी सञ्चालन गरिनेछ । तर गाउँपालिकाका सबै वडाहरुमा सञ्चालन गरिने कार्यक्रमहरु जस्तै गाई भैसी पालन, स्याउ खेति, हलेदो खेति, बाख्रा पालन, अकबरे खुर्सानी खेती प्रवर्द्धन, तरकारी खेती, लोकल कुखुरा पालन, घाँस खेती प्रवर्द्धन जस्ता कार्यक्रमहरु व्यक्तिगत किसानहरुमा पनि सञ्चालन गर्न सकिनेछ । कार्यक्रम सञ्चालन तरिका देहाय बमोजिम हुनेछ ।

क) समूह गठन

ख) सुचना प्रकाशन र प्रस्तावना वा निवेदन आव्हान (समूह भित्रका किसान वा समूहमा आवद्ध नभएकोलाई पनि निर्णय बमोजिम सहभागि गराउन सकिने)

ग) प्रस्तावना/निवेदनको मूल्यांकन र छनौट

घ) लाभान्वित समूह वा सदस्यसँग सम्झौता

ङ) कार्यक्रम कार्यान्वयमा सहजीकरण र भुक्तानी

४. लक्षित समूह वा सदस्य छनौटको मापदण्ड:

क) सुचना आव्हान भए अनुरुप उत्तरगया गाउँपालिका भित्र सम्बन्धित विषयमा उद्यम/व्यवसाय सञ्चालनमा रुचि भएका वा कार्य गर्दै आएका उत्तरगयाका नागरिक

ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

ग) लागत साझेदारि गर्न सक्ने आधार भएको

घ) आफ्नो जग्गा भएको वा जग्गा भाडामा लिएको प्रमाण भएको

ङ) समुहमा आवद्ध भई काम गर्न इच्छुक वैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षी संग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्न ईच्छुक भई प्रतिवद्धता जनाएका युवालाई प्राथमिकता दिईनेछ ।

## परिच्छेद-३
## समूह/सदस्य गठन र पहिचान

५. समूह गठन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।
क) वडा स्तरीय परियोजना व्यवस्थापन समितिमा छलफल गर्ने ।



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

ख) कृषि तथा पशु विकासको सम्भावित क्षेत्र र किसानको रुचिलाई समेत ध्यानदिदै टोल वस्तीमा छलफल सञ्चालन गर्ने ।

ग) वडा समिति/कार्यालयसँग समन्वय गरी कृषितथापशु उद्यमको सम्भावनाको आधारमा २० देखी ३० जनाको समुहगठन गरी गाउँपालिकामा सुचिकृत गर्ने ।

## परिच्छेद-४
## युवा लक्षित कार्यक्रम सञ्चालन

**६.पृष्ठभुमी:**
युवा शक्ति देशको राजनैतिक, आर्थिक र सामाजिक परिवर्तनको संवाहक हो । यो समुहलाई सक्रिय, उर्जावान र गतिशिल मानिन्छ । नेपाल कृषि प्रधान देश हो । यहाँका दुई तिहाई नागरिकहरु कृषि पेशामा संलग्न छन् तर युवाहरुमा यस पेशा प्रतिको आकर्षण आशा गरिए अनुसार हुन सकेको छैन । यसको उदाहरणका रुपमा हरेक दिन विदेश जाने युवाहरुको संख्यालाई लिन सकिन्छ । कामगर्न सक्ने सक्रिय, उर्जाशील, जोसिला युवाहरु दिनानुदिन विदेश जाने र नेपालका उत्पादन योग्य जमिन बाँझो हुने अवस्थाको अन्त्य नहुँदासम्म हामी कृषि तथा पशु पालनको क्षेत्रमा आत्मनिर्भर हुन असम्भव छ । युवाहरुको ज्ञान, सीपको विकास गरि उनीहरुको धारणामा परिवर्तन ल्याउदै उद्यमशीलता, सीप विकास र रोजगारी सिर्जना गर्न सकेमा विदेशिएका युवाहरुलाई फर्काउन र विदेश जाने सोच बनाएका युवाहरुलाई रोक्न सकिन्छ । युवा परिचालन, सहभागिता र नेतृत्व विकास बिना कुनै पनि देशले विकासको अपेक्षित लक्ष्यहासिल गर्न सक्दैन । युवाहरुको सीप विकास, क्षमता विकास र अवसर प्रदानको माध्यमबाट समाज र देशको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न सकिन्छ ।

**७. युवाहरुको छनौट प्रक्रिया:**

१) कार्यक्रममा सहभागि हुने युवाहरुको छनौट प्रक्रिया देहाय बमोजिम गरिनेछ ।

क) वडा कार्यालयसँग समन्वय गर्ने ।

ख) कृषि तथा पशु विकासको सम्भावित्त क्षेत्र र युवाहरुको रुचिलाई समेत ध्यानदिदै टोल वस्तीमा छलफल सञ्चालन गर्ने ।

ग) वडा कार्यालयको सिफारिस भई आएका युवाहरुलाई कृषि तथा पशु उद्यमको सम्भावनाको आधारमा समुहगठन गरि गाउँपालिकामा सुचिकृत गर्ने ।

**२.कार्यक्रममा सहभागि हुनका लागि देहायका मापदण्डहरु पुरा गरेको हुनुपर्नेछ ।**
क) कृषि तथा पशुपंक्षी संग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्ने योजनामा रहेका युवाहरु (महिला, पुरुष वा अन्य)
ख) उत्तरगया गाउँपालिका भित्र कृषि व्यवसाय सञ्चालन गरेका उत्तरगयाका नागरिक
ग) मुख्य पेशाको रुपमा कृषि र पशुपंक्षीपालन वा तत्संग सम्बन्धित व्यवसायमा संलग्न युवाहरु
घ) समुहमा आवद्ध भई काम गर्न इच्छुक युवाहरु



बसेली गुरुङ
कार्यवाहक अध्यक्ष

ङ) नवीनतम् कृषि तथा पशु वस्तु उत्पादन सम्बन्धि व्यवसाय गर्ने वा गर्न ईच्छुक भई प्रतिवद्धता जनाएका युवाहरु ।

च) बैदेशिक रोजगारीबाट फर्केर कृषि तथा पशुपंक्षीसंग सम्बन्धित व्यवसाय गरिरहेका वा गर्न ईच्छुक भई प्रतिवद्धता जनाएका युवालाई प्राथमिकता दिईनेछ ।

**८. समुह गठन : युवा समूहगठनको प्रक्रिया देहाय बमोजिम हुनेछ ।**

क) वडा तहमा भेला गरि युवा समुह गठन सम्बन्धि छलफल गरिनेछ ।

ख) वडा कार्यालयको सिफारिस सहित आएका युवाहरुलाई कृषि तथा पशु विकासको सम्भावनाको आधारमा कार्यक्रममा सहभागि गराईनेछ ।

ग) कृषि तथा पशुपालनको एउटै व्यवसायमा आवद्ध हुन सक्ने कम्तीमा १० देखि २५ जनाको युवा समुह गठन गरिनेछ । समुहका सबै सदस्यले एउटै व्यवसाय गर्न चाहेमा त्यसलाई पहिलो प्राथमिकता दिईनेछ । तर समुहका कम्तीमा ५० प्रतिशत व्यक्तिले एउटै व्यवसाय गर्ने भएता पनि यस कार्यक्रमबाट बञ्चित गराईने छैन ।

घ) गठन भएका समुहलाई उत्तरगया गाउँपालिकामा सुचिकृत गरिनेछ ।

**९. युवालक्षित कार्यक्रम सञ्चालन:**

समूहमा युवा लक्षित कार्यक्रम सञ्चालनका लागि सामान्यतया देहाय बमोजिमका मापदण्डलाई आधार मानिनेछ ।

क) समूहमा आवद्ध सबै सदस्यले अनिवार्य रुपमा व्यवसायिक योजना निर्माण गरेको हुनुपर्ने

ख) कम्तीमा १० जनाको युवा समूह गठन गरी सुचिकृत भएको हुनुपर्ने

ग) व्यवसाय सञ्चालन गर्ने जग्गा आफ्नो भएको वा भाडामा लिएको प्रमाण पेश गर्नु पर्ने

घ) समूहमा आवद्ध सबै युवाहरुले हेफर आधारशिला तालिम, कार्यक्रम अनुसार पशुपंक्षीको उचित व्यवस्थापन तालिम, तरकारी खेती, फलफूल खेती सम्बन्धी तालिम, युवा उद्यमशिलता विकास तालिम अनिवार्य लिएको हुनुपर्नेछ । तालिम निशुल्क रुपमा उपलब्ध गराईनेछ ।

ङ) कार्यक्रममा सहभागि हुनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ ।

**१०.बाख्रा पालन सहयोग कार्यक्रम**

क) समुहमा आवद्ध भएका सबै सदस्यहरुले कम्तीमा ५ माऊ बाख्रा पालनबाट व्यवसाय शुरुवात गरेको हुनुपर्नेछ । साथै व्यवसायिक योजना अनुसार माऊ संख्या बृद्धिगर्दै जानु पर्नेछ । तर उपहार कार्यक्रम



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

सञ्चालनका लागि भने विपन्न कृषकलाई (बाख्रा पाल्न ईच्छुक तर बाख्रा नभएको) समूहको सिफारिसमा बाख्रा उपहार गर्न सकिने छ । उपहार कार्यक्रमबाट प्राप्त बाखा आफुले प्राप्त गरि उत्पादन गरे पछि अन्य सदस्यलाई बाख्रा उपहार गर्नु पर्ने छ । ख) प्रति सदस्य प्रति माऊ बाख्रा रु.५,००० (पाँच हजार) र बढीमा रु १०,००० (दश हजार) सम्म लागत साझेदारीको रुपमा उपलव्ध गराईनेछ । साथै आवश्यकता र व्यवसायिक योजना अनुसार बैंक तथा वित्तिय संघ संस्थाहरु सँग समन्वय गरि सहुलियत दरमा ऋणको व्यवस्था मिलाईनेछ ।

ग) कम्तीमा १ रोपनी क्षेत्रफलमा उन्नत घाँस (डाले तथा भुई घाँस) रोपण गरेको हुनुपर्नेछ । पहिलो वर्ष बहुवर्षिय घाँसको बीऊ तथा बिरुवा निःशुल्क वितरण गरिनेछ ।

घ) बाखामा अनिवार्य पि.पि.आर. भ्याक्सिन, र जुकामाटेको औषधी नियमित रुपमा खुवाउनु पर्नेछ ।

ङ) खोर निर्माण गर्दा प्राविधिकले दिएको क्षेत्रफल तथा डिजाईन अनुसार गर्नुपर्नेछ ।

च) लागत साझेदारीका लागि प्रत्येक सदस्यहरुले कम्तीमा ५ माऊ बाख्रा भएको र बीमा गरेको प्रमाण पेश गर्नु पर्नेछ ।

छ) सुचिकृत भएका सबै युवा समुहलाई आवश्यकता देखिएमा १ देखि २ वटा उन्नत नश्लको बोका उपहार स्वरुप उपलब्ध गराईनेछ ।

ज) समुहले पहिचान गरेर व्यवसाय सुरु गर्न चाहने कृषकलाई उपहार पाठी दिन सकिने छ । सोको लागी ९(क) मा भएको व्यवस्थाले बाधा पुग्ने छैन ।

## ११. गाई/भैंसी पालन सहयोग कार्यक्रम

क) विगत २ वर्ष देखि भैंसी नपालेका किसानहरुले १ वटा गाई/भैंसीबाट व्यवसाय शुरुवात गर्न सक्नेछन । भैंसी पाल्दै आएका किसानहरुले हाल आफुसँग भएको गाई/भैंसीको संख्यामा १ वटा थप गर्नको लागि उपहार रकम प्राप्त गर्न सक्नेछन । तर कम्तिमा ५ वटा गाई/भैंसी हुने संचालकले आवश्यकता अनुसार थप २ गाई/भैंसीको लागि लागत साझेदारीमा प्राप्त गर्न सक्नेछन ।

ख) निजहरुको हकमा बेसलाईन तयार गरिनेछ । यसरी प्राप्त गरेको पशु कम्तीमा ३ वर्ष सम्म पाल्नु पर्दछ । अन्यथा लागत साझेदारी रकम समूहमा फिर्ता गर्नु पर्दछ ।

ग) उपहार पाउने आशाले आफ्नो गाई, भैंसी बिक्री गरी अर्को गाई भैंसी खरिद गर्ने योजना बनाएका किसानहरु यस कार्यक्रममा सहभागि हुन पाउने छैनन् ।

घ) उपहार उपलब्ध गराउदा दुधालु पशु पाल्ने प्रतिवद्धता जनाएका किसानलाई प्रति गाई, भैंसी बढिमा एकमुष्ठ रु.५०,००० (पचास हजार) नयाँ पशु खरिद गर्नका लागि उपलब्ध गराईनेछ । साथै किसानको आवश्यकता र माग अनुसार सहुलियत दरको कर्जामा सहभागी गराईनेछ ।

ङ) भकारो तथा गोठ सुधारका लागि प्रति सदस्य अधिकतम रु. ७,५०० (सात हजार पाँच सय रुपैयाँ) उपलब्ध गराइनेछ । सोको लागी ५० प्रतिशत लागत साझेदारी अनिवार्य गर्नुपर्नेछ । गाई, भैंसी थप गर्ने कृषकको गोठ



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

च) सुचिकृत भएका सबै युवा समुहलाई आवश्यकता अनुसार उन्नत नश्लको बिर ५० प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ । उल्लेखित बिर आवश्यकता अनुसार परिवर्तन गरि समुहका सदस्यलाई सदैव सेवा उपलब्ध गराउने लिखित प्रतिबद्धता गर्नुपर्नेछ ।यसको व्यवस्थापन समुहले गर्नु पर्नेछ ।

**१४. व्यवसायिक फलफूल खेती प्रवर्द्धन सहयोग कार्यक्रम**

क) समुहमा आवद्ध भएका ईच्छुक सदस्यहरुले कम्तीमा १०० वटा बिरुवा रोपण गरि फलफूल खेती गर्न ईच्छुक भई सोहि बमोजिमको योजना निर्माण गरेको हुनुपर्नेछ ।

ख) फलफूल खेतीमा आवद्ध सदस्यहरुका लागि व्यवसायिक योजना बमोजिम प्रति सदस्य प्रति बोट रु.१०० ( एक सय) का दरले बढीमा रु.२५,००० (पच्चीस हजार) सम्म लागत साझेदारीमा उपलब्ध गराईनेछ । साथै आवश्यकता र व्यवसायिक योजना अनुसार बैंक तथा बित्तिय संघ संस्थाहरु सँग समन्वय गरि सहुलियत दरमा ऋणको व्यवस्था मिलाईनेछ ।

ग) अनुदानका लागि प्रत्येक युवाले कम्तीमा १०० बोट फलफूल खेती गर्ने योजना र प्रमाण स्वरुप तयार पारिएका खाडलको फोटो पेश गर्नु पर्नेछ ।

घ) यस शिर्षक अन्तरगत फलफूल बगैंचा व्यवस्थापन र सुधार गर्नका लागि पनि सहयोग गर्न सकिनेछ ।

## परिच्छेद-५
## किसानको वर्गीकरण

**१५. किसानको वर्गीकरण**

१) उत्तरगया गाउँपालिकाका किसानहरुलाई उनिहरुले सञ्चालन गर्ने कृषि उद्यमका आधारमा सिमान्त, साना, मझौला र ठूलागरि देहाय बमोजिम ४ समुहमा वर्गीकरण गरिनेछ । यो वर्गीकरण उत्तरगया गाउँपालिका परिस्थिती अनुसार गरिएको छ र समय र अवस्था अनुसार परिवर्तन हुदै जानेछ ।

**सिमान्त, साना, मझौला र ठूला किसानहरुको वर्गीकरण**

| उद्यम | सिमान्त कृषक | साना कृषक | मझौला कृषक | ठूला कृषक |
|---|---|---|---|---|
| बाखा (माऊ) | <५ | ५-१० | १०-१५ | >१५ |
| बंगुर (माऊ) | १-३ | ३-५ | ५-८ | >८ |
| माछा (क्षेत्रफल रोपनी) | ०.५ | १ | २ | >२ |
| माछा (भुरालटको आधारमा) | ५०० | ५००-१००० | १०००-२००० | >२००० |
| गाई, भैंसी (दुधालु) | १ | २-४ | ४-८ | >८ |
| लोकल कुखुरा (जम्मा पोथी) | <५ | ५-२० | २०-६० | >६० |
| लोकल कुखुरा, बर्दटाई लटमा पाल्ने | <१०० | १००-२५० | २५०-५०० | >५०० |



कमली गुरुङ
कार्यवाहक अध्यक्ष

अनिवार्य रुपमा सुधारिएको हुनुपर्नेछ। उपहारमा गाई, भैंसी थप नगर्ने सदस्यको हकमा पनि भकारो तथा गोठ सुधार कार्यक्रम गर्न सकिनेछ।

च) भकारो तथा गोठ सुधार गर्दा प्राविधिकले दिएको क्षेत्रफल तथा डिजाईन अनुसार गर्नुपर्नेछ।

छ) उन्नत घाँस (डाले तथाभुईं घाँस) रोपण गरेको हुनुपर्नेछ। पहिलो वर्ष बहुबर्षिय घाँसको बीऊ तथा बिरुवा निःशुल्क वितरण गरिनेछ।

ज) गाई/भैंसीमा अनिवार्य FMD, HSBQ भ्याक्सिन र जुका, नाम्ले, माटेको औषधी नियमित रुपमा खुवाउनु पर्नेछ।

झ) उपहारमा थप गरिएको सहित गोठमा भएका सबै भैंसीको बीमा गरेको प्रमाण पेश गर्नु पर्नेछ।

## १२. व्यवसायिक तरकारी खेती प्रवर्द्धन सहयोग कार्यक्रम

क) समुहमा आवद्ध भएका सबै सदस्यहरुले बाह्रै महिना तरकारी खेती गर्न ईच्छुक भई सोहि बमोजिमको योजना निर्माण गरेको हुनुपर्नेछ।

ख) तरकारी खेतीमा आवद्ध सदस्यहरुका लागि व्यवसायिक योजना बमोजिम ५० प्रतिशत साझेदारी हुने गरी प्रति सदस्य रु. १०,००० देखि २५,००० सम्म (दश हजार देखि पच्चीस हजार सम्म) अनुदान उपलब्ध गराईनेछ। साथै आवश्यकता र व्यवसायिक योजना अनुसार बैंक तथा वित्तिय संघ संस्थाहरु सँग समन्वय गरि सहुलियत दरमा ऋणको व्यवस्था मिलाईनेछ।

## १३. व्यवसायिक बंगुर पालन सहयोग कार्यक्रम

क) समुहमा आवद्ध भएका सबै सदस्य युवाहरुले कम्तीमा ३ माऊ बंगुरबाढ व्यवसाय शुरुवात गरेको हुनुपर्नेछ।

ख) प्रति सदस्य प्रति माऊ बंगुरका लागि पाठी खरिद रु.५,००० (पाँच हजार) र बढीमा रु.२५,००० (पच्ची सहजार) सम्म, खोर सुधार तथा निर्माण र दानापानीको व्यवस्थापनका लागि लागत साझेदारीमा उपलब्ध गराईनेछ। साथै आवश्यकता र व्यवसायिक योजना अनुसार बैंक तथा वित्तिय संघ संस्थाहरु सँग समन्वय गरि सहुलियत दरमा ऋणको व्यवस्था मिलाईनेछ।

ग) बंगुरमा अनिवार्य रुपमा स्वाइनफिवर विरुद्धको भ्याक्सिन लगाएको र जुकाको औषधी नियमित रुपमा खुवाउनु पर्नेछ।

घ) खोर निर्माण गर्दा प्राविधिकले दिएको क्षेत्रफल तथा डिजाईन अनुसार गर्नुपर्नेछ।

ङ) अनुदानका लागि प्रत्येक युवाले कम्तीमा ३ माऊ बंगुर भएको र बीमा गरेको प्रमाण पेश गर्नु पर्ने छ।

चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

ग) बीउ बोकालाई नियमित रुपमा जुकामाटेको औषधि खुवाउने र भिटामिन र खोप लगाउने जिम्माबोका पालक किसानको हुनेछ ।

घ) समूहका सबै सदस्यले आफ्ना बाख्रालाई अनिवार्य रुपमा समूहको बीउबोका प्रयोग गर्नु पर्दछ । समूहमा बाख्रा पाल्ने घर परिवारले अन्य बोकाको प्रयोग गरेमा उक्त सदस्यले बोका पाल्ने सदस्यलाई समूहले तोके बमोजिमको बोका पालित खर्च उपलब्ध गराउनु पर्दछ । साथै हाडनाताको समस्याहुने भएकोले समूहले नियमबनाई कारवाहि समेत गर्न सक्दछ ।

ङ) बीउ बोकाको सेवा शुल्क प्रति बाख्रा बापतको बढीमा रु.२००। वा सो रकम बराबरको अन्न, दाना चोकर बोका पाल्ने सदस्यलाई अनिवार्य बुझाउनु पर्नेछ । उक्त रकमबाट बोका पाल्ने सदस्यले बोकाको उचित पालन पोषण र व्यवस्थापनमा लगाउनु पर्दछ ।

च) हाडनाताको समस्या हुननदिन बोका १ वर्ष सम्म पाले पश्चात उक्त बोकालाई समूहको निर्णय अनुसार बिक्री वा अर्को समूहसँग साट्नु पर्दछ । बोका पालक किसानले घाटा नहुने गरी बोका पाल्नु पर्दछ । १ वर्ष पछि समूहमा नयाँ बोका ल्याउदा समितिका पदाधिकारी र प्राविधिकको रोहबर तथा वडा कार्यालयसँगको सल्लाह बमोजिम खरिद गर्नुपर्दछ । यसरी खरिद गरिने बोका अनुसूचि १ बमोजिमको मापदण्डको हुनुपर्दछ । बीउ बोका अन्य समूह सँग साटासाट गर्दा बढी अजनभए अनुसारको मूल्यमिलान गर्नु पर्दछ ।

छ) बोका बिक्री गर्नु पर्ने अवस्था छ भने समूह, प्राविधिक र वडा कार्यालयको सल्लाह सुझाव तथा रोहबरमा कम्तीमा ३० केजि (जिउँदो) भन्दा बढीको अर्को बोका खरिद गर्नु पर्नेछ । ३० के.जि. भन्दा बढी तौल भई भएको नाफा बोका पालक किसानको हुनेछ । तर बिउ बोका बिक्री गर्नु पर्ने अवस्था आई बिक्री गर्दा खरिद रकम भन्दा कम मूल्य पर्न गएमा कम मूल्य पर्नुका कारण खुलाई समूहको निर्णय पेश हुन आएको कारण मनासिब देखिन आएको खण्डमा वडा कार्यालयको सिफारिसमा घाटा रकम मिनाह सहित बिक्रि भई प्राप्त रकमको २५ प्रतिशत रकम बोका पालक किसानलाई उपलब्ध गराई बाँकी रकम समुह वा सहकारीमा फिर्ता गर्न सकिने छ ।

ज) बोका पाल्न नसक्ने अवस्था भएमा बोका पालक सदस्यले समूह वा सहकारीलाई जानकारी गराई बोका फिर्ता गर्नु पर्दछ । यसरी फिर्ता भएको बोका समूह वा सहकारीले यस निर्देशिका बमोजिम अर्को सदस्यलाई प्रदान गर्दछ । समूहमा बोका नचाहिने वा नरहने अवस्था आएमा उक्त बोका बिक्री गरी प्राप्त रकम समूह कोष तथा सहकारीको जगेडा कोषका रुपमा जम्मा गर्नु पर्नेछ ।

झ) यस कार्यक्रम बमोजिम उपलब्ध हुने बोका अनुसूचि-१ बमोजिमको मापदण्ड अनुसार हुनुपर्नेछ ।

## परिच्छेद-७

## मुल समूह, उपहार समूह तथा युवा समूहमा बीउ राँगो/साँढे पालन कार्यक्रम

१७. समूहको आवश्यकता र माग बमोजिम समूहमा उन्नत राँगो/साँढे उपलब्ध गराईनेछ । यसरी उपलब्ध गराईएको राँगोको व्यवस्थापन समूहले नै गर्नुपर्ने छ । समूहमा प्राप्त भएको बीउ राँगो/साँढे पाल्नका लागि



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

समूहले आफ्ना कुनै सदस्यलाई जिम्मा लगाउनु पर्नेछ । राँगो/साँढे पालक समूह र सदस्यको भुमिका देहाय बमोजिम हुनेछ ।

क) बीउ राँगो/साँढे पाल्ने सदस्यको छनौट गर्दा व्यवस्थित गोठ भएको किसान, दानाको उचित व्यवस्थापन गर्न सक्ने र घाँस प्रशस्त मात्रामा लगाएको राँगो पाल्न ईच्छुक व्यक्तिलाई प्राथमिकता दिनु पर्दछ ।

ख) बीउ राँगो/साँढे पाल्ने सदस्यले अनिवार्य राँगोको बीमा गर्नु पर्दछ । राँगोको बीमाको प्रिमियम शुल्क राँगो पाल्ने किसानले नै तिर्नु पर्नेछ ।

ग) बीउ राँगो/साँढेलाई नियमित रुपमा औषधि खुवाउने र खोप लगाउने जिम्मा राँगो पालक किसानको हुनेछ ।

घ) समूहका सबै सदस्यले आफ्ना भैंसीलाई अनिवार्य रुपमा समूहको बीउ राँगो/साँढे प्रयोग गर्नु पर्दछ । समूहमा भैंसी पाल्ने घर परिवारले अन्य राँगोको प्रयोग गरेमा उक्त सदस्यले राँगो पाल्ने सदस्यलाई समूहले तोके बमोजिमको राँगो पालित खर्च उपलब्ध गराउनु पर्दछ ।

ङ) बीउ राँगो/साँढेको सेवा शुल्क प्रति भैंसी वापतको १५०० रुपैया राँगो/साँढे पाल्ने सदस्यलाई अनिवार्य बुझाउनु पर्नेछ । उक्त रकमबाट राँगो पाल्ने सदस्यले राँगो/साँढेको उचित पालन पोषण र व्यवस्थापनमा लगाउनु पर्दछ ।

च) हाडनाताको समस्या हुन नदिन राँगो/साँढे ३ वर्ष सम्म पाले पश्चात उक्त राँगो/साँढेलाई समूहको निर्णय अनुसार बिक्री वा अर्को समूहसँग साट्नु पर्दछ ।

छ) राँगो/साँढे पालक किसानलाई परियोजनाको तर्फबाट एकमुष्ट रु ५०,००० राँगो खरिद गर्नका लागि लागत साझेदारीमा उपलब्ध गराईनेछ ।

ज) राँगो/साँढे पाल्ने किसानले कम्तीमा ५ वर्ष राँगो पाल्नु पर्दछ । यसरी राँगो वा साँढे पाल्ने कृषकले लागत साझेदारी स्वरुप प्राप्त गरेको रकम २४ महिना भित्र किस्ता बन्दीमा फिर्ता वा उपहार गरि सक्नु पर्ने छ । यसरी प्राप्त उपहार रकम समूह वा सहकारीले यस निर्देशिका बमोजिम अर्को सदस्यलाई प्रदान गर्दछ । समूहमा राँगो/साँढे नचाहिने वा नरहने अवस्था आएमा उक्त राँगो/साँढे बिक्री गरी प्राप्त रकम सहकारीको जगेडा कोषका रुपमा जम्मा गर्नु पर्नेछ ।

झ) यस कार्यक्रम बमोजिम उपलब्ध हुने राँगो/साँढे अनुसूचि-२ बमोजिमको मापदण्ड अनुसार हुनुपर्नेछ ।

## परिच्छेद-८

## मुल समूह, उपहार समूह तथा युवा समूहमा बीउ बाखा, बंगुर, गाई, भैंसी उपहार कार्यक्रम

१८. मूल समूह, उपहार समूह तथा युवा समूहमा बीउ बाखा, बंगुर उपहार कार्यक्रम देहाय बमोजिम सञ्चालन गरिनेछ ।

क) मुल समूह र उपहार समूहको मागको आधारमा १ देखी ३ वटा माउ बाखा वा बंगुर उपहारको रुपमा वितरण गर्न सकिनेछ ।



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

ख) आवश्यकता र मागको आधारमा खोर/गोठ/भकारो सुधारको कार्यक्रम सञ्चालन गरिनेछ । खोर निर्माण/सुधारका लागि प्रति व्यक्ति बढीमा रु.१५,००० (पन्ध्र हजार सम्म) वा कुल लागतको ५० प्रतिशत मध्ये जुन कम हुन आउछ सोही रकम उपहारको रुपमा उपलब्ध गराउईने छ भने गोठ तथा भकारो निर्माण तथा सुधारका लागि प्रति व्यक्ति बढिमा रु.७५०० (सात हजार पाँच सय सम्म) वा कुल लागतको ५० प्रतिशत मध्ये जुन कम हुन आउछ सोही रकम रुपमा उपलव्ध गराउईने छ ।

ग) खोर, गोठ निर्माणको डिजाईन ईस्टिमेट र मूल्यांकनको कार्य गाउँपालिकाको प्राविधिक शाखा मार्फत सञ्चालन गरिनेछ ।

ग) खोर/भकारो/गोठको उपहार/अनुदान लिएका किसानहरुले कम्तीमा ३ वर्षसम्म पशुपालन गर्नु पर्नेछ ।

घ) यस कार्यक्रममा सहभागि हुने सदस्यहरुले आफुले प्राप्त गरेको बीउ बाख्रा वा बंगुरलाई १ वर्ष पश्चात उपहारको रुपमा उपहार समूहका सदस्यलाई प्रदान गर्नु पर्दछ । यसरी उपहार गर्दा बीउ बाख्राको हकमा यस कार्यविधिको अनुसुचि-३ र बंगुरको हकमा अनुसूचि-४ बमोजिमका मापदण्ड पालना गर्नु पर्दछ ।

ङ) कुनै व्यक्ति वा समुहले नमुना फर्मको रुपमा विकास गर्न चाहेमा व्यवसायिक योजनाको आधारमा बढीमा १ लाख वा कुल लगानीको ५० प्रतिशत मध्ये जुन कम हुन्छ सोहि बराबरको रकम अनुदान सहयोगका रुपमा उपलब्ध गराउन सकिनेछ । यस प्रकारको सहयोग प्राप्त गर्नका लागि प्रस्तावित फर्म यसै कार्यविधिको परिच्छेद (५) दफा (१५) (१) बमोजिम ठुला किसानको मापदण्डमा पुग्ने सुनिश्चित हुनु पर्दछ ।

## परिच्छेद-९
## सहयोगि टोलि परिचालन कार्यक्रम

### १९. पृष्ठभुमि:

१) हेफर परियोजना सुरुवाल हुने कुनै पनि मूल समूहहरु (Original Groups/OGs)का सक्रिय सदस्यहरुको नेतृत्वमा अन्य सदस्यहरुलाई संलग्न गराई उपहार समूहहरु (Pass on Groups/PoGs)गठन गरी आपसमा आफ्ना अनुभव तथा ज्ञान, सीपहरु आदान प्रदान गरी उपहार समूहहरुलाई पनि सक्षम बनाउन गठन गरिएका टोलीहरुलाई नै सहयोगी टोली (MTs) हुन । उत्तरगया कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालित क्षेत्रमा कृषि तथा पशुको माध्यमबाट आर्थिक र सामाजिक विकासमा टेवा पुर्याउने उद्देश्यका साथ कार्यक्रम सञ्चालनका लागि मूल समूह गठन गरिएको छ । परियोजनामा निर्धारित लक्षित वर्गहरुलाई सहभागि बनाउनका लागि परियोजनाको दोश्रो वर्ष उपहार समूह (बहिनी समूह) गठन गरी कार्यक्रम सञ्चालन गर्ने रणनीति छ ।

सामान्यतया हरेक मूल समूहका सक्रिय सदस्यहरुको नेतृत्वमा ३ देखि ५ जना सदस्यहरु संलग्न भई सहयोगी टोली (MT) गठन गर्ने प्रावधान छ । हरेक सहयोगी टोलीको १/१ जना संयोजक चयन गरी उनीहरुको नेतृत्वमा आवश्यकता अनुसार टोली परिचालन गरी सबै उपहार समूहहरुलाई आफ्ना अनुभव र सिकाईहरु मिलेर बाँडीचुँडी गर्दै मूल समूह जत्तिकै सक्षम र क्षमतावान बनाउन हरपल क्रियाशिल हुने भुमिकामा सहयोगि



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

टोली परिचालित भएका हुन्छन् । यसरी सहयोगी टोली परिचालन हुँदा मूल समूहका सदस्यहरुको नेतृत्व विकास हुने र लक्षित घर परिवारलाई कार्यक्रममा समावेश गर्न सहज हुने भएकोले सहयोगी टोली गठन गरी परिचालन गरिनेछ ।

**२०. सहयोगी टोली (MT) को मुख्य भूमिका**

१) सहयोगी टोलीको मूख्य भुमिका देहाय बमोजिम हुनेछ ।

क) परियोजनाका कर्मचारी तथा सम्बन्धीत कार्यक्रम अधिकृतले राखेको बैठक तथा अभिमूखीकरण गोष्ठी, विभिन्न बैठकहरुमा सक्रिय रुपमा भाग लिई सोहि निर्णय र योजना अनुसार क्रियाशिल हुने ।

ख) समूहको बैठकको निर्णय अनुसार सम्बन्धित सहजकर्ता र आवश्यकता अनुसार परियोजनाका कर्मचारीको पनि सहयोग लिएर उपहार समूहको सम्भावित क्षेत्र र घरधुरीहरु पहिचान गर्ने ।

ग) पहिचान गरिएका हरेक घरधुरीबाट उपयुक्त सदस्यहरु छनौट गर्ने र ती सदस्यहरु अन्य कुनै समूहहरुमा आबद्ध भए नभएको पनि यकिन गर्ने ।

घ) सम्बन्धित परियोजनाको कर्मचारीको सहयोगमा गाउँपालिकाका प्रतिनिधिसँग समन्वय गरी उपहार समूहहरु गठन गर्ने ।

ङ) उपहार समूहहरु तथा परियोजनाले लक्षित गरेका क्रियाकलापहरु लगायत अन्य सामाजिक तथा सामुदायिक विकासका क्रियाकलापहरु सञ्चालन गर्न आफ्ना उपहार समूहहरुलाई सहजिकरण गर्ने र आवश्यकता अनुसार सम्पर्क तथा समन्वय गर्न पनि सहयोग गर्ने ।

च) उपहार समूहहरुमा भए गरेका प्रगतिहरुको विवरण आफ्नो समूहको बैठकहरुमा समीक्षा गर्ने र सोहि अनुसारको योजना बनाई कार्यान्वयन गर्ने ।

छ) मूल समूहले (आफ्नो समूह) लिएका विभिन्न किसिमका तालिम र त्यसपछिका उपलब्धि, सिकाई र अनुभवहरु उपहार समूहहरुमा बाँडीचुँडी गर्ने ।

ज) उपहार समूहहरुमा भए गरेका राम्रा कामहरुको प्रसंशा तथा प्रोत्साहन गर्ने ।

झ) उपहार समूहहरुमा प्रदान गरीने उपहारहरुलाई व्यवस्थित रुपमा प्रदान गर्न नेतृत्वदायी एवम् संयोजनकारी भूमिका निर्वाह गर्दै जाने ।

ञ) उपहार समूहहरुको अभिभावकीय भूमिका निर्वाह गर्ने ।

ट) उपहार समूहहरुमा सहभागिता मुलक स्व-समीक्षा तथा योजना तर्जुमा (PSRP) र अन्य बैठकहरु नियमित र प्रभावकारी बनाउन सहयोग गर्ने ।

ठ) समूहका सदस्यहरुलाई महिला सहकारी संस्थामा आवद्ध हुन प्रोत्साहन गर्ने ।



जमली गुरुङ
कार्यवाहक अध्यक्ष

ड) उत्पादन भएका खसी बोकाहरु सामुहिक रुपमा महिला सहकारी संस्था मार्फत बेचबिखन गर्न उपहार समूहका सदस्यहरुलाई उत्प्रेरित गर्ने ।

ढ) परियोजना व्यवस्थापन समिति तथा मूल समूहहरुले गरेका निर्णयहरु र उनीहरुको सल्लाह तथा सुझावहरु अनुसार काम गर्ने/गराउने ।

**२१. सहयोगि टोली परिचालन तथा व्यवस्थापन**

१) उत्तरगया कृषि तथा पशु विकास उद्यमशिलता कार्यक्रम अन्तरगत गठन भएका सहयोगि टोलीहरुको व्यवस्थापन देहाय बमोजिम गरिनेछ ।

क) हरेक मूल समूहहरुमा बनेको सहयोगी टोली (MT) लाई प्रति सहयोगी टोली बढीमा रु.५,०००।- सम्म (अक्षरुपी पाँच हजार रुपैया) समूहसंग अनुसूचि - ५ बमोजिमको ढाँचामा सम्झौता गरि प्रदान गरिने छ ।

ख) सहयोगी टोली परिचालन वापत प्राप्त रकम खाना, खाजा, यातायात खर्च र स्टेशनरीका लागि खर्च गर्न सकिने छ ।

ग) उपहार समूह गठन गर्दा सहयोगी टोलीका पदाधिकारीले प्रति दिन प्रति सदस्य खाजा वापत बढीमा रु.१५०। (एक सय पचास) दिने व्यवस्था सम्बन्धित समूहले गर्नु पर्नेछ ।

घ) सहयोगी टोली परिचालन वापत प्राप्त रकमबाट बढीमा रु.१००० (अक्षरुपी एक हजार रुपैया) सम्मको स्टेशनरी (रजिस्टर, स्टिच मेशिन, पिन्चिङ्ग, स्केल, फाईल) खरिद गरि उपहार समूहलाई उपहार गर्न सकिने छ ।

ङ) सहयोगी टोलीबाट भएको खर्चको सम्पूर्ण विल भरपाईको विवरण सहयोगी टोलीको निर्णय सहित आफ्नो मूल समूहलाई बुझाउनु पर्ने छ भने यसरी आएको विल भरपाईहरुको विवरण समूहले व्यवस्थित गरि राख्नु पर्ने छ । खर्चको बील भरपाई कुनै पनि बेला संस्थाले माग गरेमा संस्थामा पेश गर्ने जिम्मेवारी सम्बन्धित समूहको हुनेछ ।

च) सहयोगी टोलीलाई उपलब्ध गराइएको रकम खर्च पश्चात बाँकी हुन आएमा उक्त बाँकी रकम समूहको कोषमा बचत गरिने छ र समूहको निर्णय बमोजिम खर्च गरिनेछ । यसरी बचत भएको रकम समूह वा सहयोगी टोलीका सदस्यहरुले भागबण्डा गरि वा अनावश्यक खर्चको बील भरपाई पेश गरि खर्च गर्न पाईने छैन ।

छ) यसरी उपलब्ध गराउने रकममा नियम बमोजिम कर कट्टा गरिनेछ ।

**२२.समूहले रकम माग गर्दा बुझाउनु पर्ने कागजातहरु**

१. समूहले आफुले कार्यक्रम सञ्चालन गरी कार्यसम्पादन भए पश्चात रकम माग गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।



कमली गुरुङ
कार्यवाहक अध्यक्ष

क) माग निवदेन

ख) सहयोगि टोलि गठनको निर्णय प्रतिलिपि

ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

**२३.समूहले फर्स्यौट गर्दा बुझाउनु पर्ने कागजातहरु**

१) समूहले काम सम्पन्न भएपश्चात फर्स्यौट गर्दा देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

क) समूहको निवेदन

ख) माइन्युटको फोटोकपि

ग) कामको संक्षिप्त प्रतिवेदन

घ) सम्बन्धित वडा कार्यालयको प्रमाणिकरण

**परिच्छेद-१०:**

**अकबरे खुर्सानी खेती प्रवर्द्धन सहयोग कार्यक्रम:**

**२४. उद्देश्य** : यस कार्यक्रमको उदेश्य देहाय बमोजिको रहेका छन्,

(क) व्यवसायिक रुपमा अकबरे खुर्सानी खेती प्रवर्द्धनका लागि कृषकहरुलाई प्रोत्साहित गरी आयआर्जन तथा स्वरोजगार बृद्धि गर्ने ।

(ख) खुर्सानीको उत्पादन, उत्पादित उपजको प्रशोधन तथा बजारीकरण सुनिश्चित गर्ने ।

(ग) अकबरे खुर्सानीलाई गाउपालिकाको प्रहिचानको रुपमा विकास गर्ने ।

**२५. समूहहरुको गठन तथा समूहको काम, कर्तव्य र अधिकार** : अकबरे खुर्सानी खेतीलाई व्यवस्थित गर्न निम्न बमोजिमका समूहहरु गठन गरिने छन् र तिनका काम, कर्तव्य र अधिकार देहाय बमोजिमका हुनेछ

**१) अकबरे खुर्सानी उत्पादक कृषक/समूह :**

(क) अकबरे खुर्सानी खेती गर्न इच्छुक टोलस्तरका ५ देखी ३० जना कृषकहरु मध्येबाट अकबरे खुर्सानी उत्पादक समूह गठन गरिनेछ ।

(ख) समूहका प्रत्येक सदस्यले न्युनतम १ रोपनी जमिनमा अकबरे खुर्सानी खेती गर्नुपर्नेछ ।



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

(ग) समूहका सदस्यले यस कार्यक्रमका लागि लागत सहभागिता गर्नु पर्नेछ । सो रकम एकमुष्ठ अग्रीम रुपमा वडा स्तरीय परियोजना व्यवस्थापन समिति मार्फत जम्मा गर्नुपर्नेछ ।

(घ) पालिका भित्रका अगुवा कृषकको जग्गामा वडा कृषि प्राविधिकको रेखदेख तथा उत्तरगया कृषि तथा पशु उद्यमशिलता विकास परियोजना टोलीको प्राविधिक सहयोग तथा सहजिकरणमा अकबरे खुर्सानीको बेर्ना उत्पादन गरि वितरण गरिनेछ ।

(ङ) समूह/कृषकले प्राविधिक, पालिका र वडा समितिले दिएका निर्देशन पालना र कार्यान्वयन गर्नुपर्नेछ ।

**२६. वडा स्तरीय समिति:**

(क) वडाध्यक्षको संयोजकत्वमा गठन भएको वडा स्तरीय परियोजना व्यवस्थापन समितिको अगुवाईमा सम्बन्धित वडामा अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन हुनेछ ।

(ख) अकबरे खुर्सानी खेतीका लागि कृषकले उठाउनु पर्ने रकम उठाउनका लागि वडा स्तरीय परियोजना व्यवस्थापन समितिले सहजीकरण गर्नेछ ।

**२७. पालिका स्तरीय समिति:**

(क) गाउँपालिका अध्यक्षको संयोजकत्वमा गठन भएको परियोजना व्यवस्थापन तथा अनुगमन समितिले अकबरे खुर्सानी खेती प्रवर्द्धन कार्यक्रमलाई पकेट क्षेत्र बिस्तार गर्न सहयोग र सहजीकरण गर्नेछ ।

(ख) समिति वा बैठकमा आवश्यकता अनुसार बिज्ञ आमन्त्रण गर्न सक्नेछ ।

(ग) समितिले सबै कृषकहरुका लागि अकबरे खुर्सानीका बेर्ना, मल्चिङ प्लाष्टिक, स्प्रे टंकी र आवश्यक बिषादिको व्यवस्था लागत साझेदारीमा उपलब्ध गराउन वातावरण निर्माण गर्नेछ ।

(घ) बिक्रीका लागि तयार भएको अकबरे खुर्सानीको मुल्य यसै समितिले निर्धारण गर्नेछ ।

(ङ) अकबरे खुर्सानीको बजारीकरणका लागि समितिले पहल गर्नेछ साथै समितिले बजारको अध्ययन तथा बजार बिश्लेषण विभिन्न सरकारी/गैरसरकारी संस्थासंग समन्वय, सहयोग र सहजिकरणमा गर्न सक्नेछ ।

(च) बिमा कम्पनीहरु सगको समन्वयमा अकबरे खुर्सानी खेतिको बीमा गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(छ) अकबरे खुर्सानी खेतीको समग्र रेखदेख, नियन्त्रण र समन्वय गर्ने जिम्मेवारी यसै समितिको हुनेछ ।

**२८. कार्यक्रम संचालन विधि :**



बसौली गुरुङ
कार्यवाहक अध्यक्ष

- वडा कार्यालयबाट भुक्तानीका लागि गरिएको सिफारिस
- प्राविधिकको मूल्यांकन प्रतिवेदन
- बेसार खेती गरिएको क्षेत्रको फोटो

**३२. अनुगमन तथा मुल्याङ्कन :**

यस निर्देशिका बमोजिम भए गरेका कार्यहरुको अनुगमन तथा मुल्याङ्कन उत्तरगया गाउँपालिका र उत्तरगया कृषि-तथा पशु उद्यमशिलता विकास परियोजना व्यवस्थापन तथा अनुगमन समिति र वडा स्तरीय परियोजना व्यवस्थापन समितिले गर्नेछ।

## परिच्छेद-११:
## सहकारी गठन तथा संस्थागत विकास सहयोग कार्यक्रम

३३.उत्तरगया गाउँपालिकामा गठन भएका महिला तथा युवा समूहका सदस्यहरुलाई सहकारी संस्थामा आवद्ध गरिनेछ। यसका लागि कृषि तथा पशु विकास सँग सम्बन्धित सहकारी गठन र दर्ता गरिनेछ। सहकारी गठन, दर्ता गरि सहकारीका पदाधिकारीहरुका लागि सहकारी व्यवस्थापन तालिम, लेखा व्यवस्थापन तालिम तथा आवश्यकता अनुसार अन्य सहकारीको क्षमता विकासका तालिमहरु उपलब्ध गराईनेछ।

## परिच्छेद-१२:
## दुग्ध उत्पादन, प्रशोधन तथा बजारीकरण सहयोग कार्यक्रम

**३४. पृष्ठभुमी:**

उत्तरगया गाउँपालिकाले आफ्ना सदस्यहरूलाई पशुपालन गर्नका लागि आवश्यक ज्ञान, सिप र प्रविधिको सेवा प्रदान गर्ने र पशुजन्य उत्पादनको लागि आवश्यक वित्तीय सेवा, पशुपालन तालिम, खोर गोठ सुधार, दाना, आपट तथा प्राविधिक सेवा प्रदान गर्दै आएको छ। यो लगायत उत्तरगया गाँउपालिकाका सबै वडामा दुध उत्पादन र बजारीकरण कार्यमा संलग्न सहकारी तथा समूहले संकलन गर्दै आएको दुधलाई उत्तरगयाको पहिचान सहित एकद्वार प्रणालीबाट प्रशोधन, बिविधिकरण गर्दै बजारीकरण गर्ने कार्यमा रणनीतिक छलफल र सहयोग गरेको छ। तर सबै संकलकहरुले आआफ्नो तरिकाले बजारीकरणगर्दा कृषकहरुले उचित मुल्य पाउन सकेका छैनन र कृषक वर्गमा एक प्रकारको नै राक्ष्यता उत्पन्न भएको देखिन्छ।

उल्लेखित समस्या समाधानका लागि कृषकलाई उचित मुल्यको सुनिश्चितता सहित दुध संकलनकार्यलाई व्यवस्थित गरि सफा र स्वच्छ दुध संकलनमा टेवा पुर्‍याउने उद्देश्यका साथ सबै संकलन केन्द्रहरुमा आवश्यक सामाग्री तथा उपकरण सहयोग गरिने छ। दुधको प्रशोधन गरि स्वच्छ दुध, पनिर, आइसक्रिम, कुल्फी, घ्यु, छुर्पी, मिठाईका परिकारहरु, चियाकफि आफ्नै बिक्री कक्षमार्फत बिक्री गरि रोजगारीका अवसर सृजना गर्दै स्वरोजगारको वातावरण बनाउन सकेमा दुध उत्पादन बृद्धिभई निकट भविष्यमै यस गाँउपालिकामा दुध उत्पादन दोब्बर बनाउन सकिन्छ।



चमेली गरुङ
कार्यवाहक अध्यक्ष

(ग) इच्छुक कृषक तथा तिनको मागको तथ्याङ्क वडा कार्यालय मार्फत संकलन गरी पालिका वा परियोजना मागरिनेछ र इच्छुक कृषकहरुले यस कार्यक्रमका लागिव यवस्थापन गर्नुपर्ने गैरस्थानीय सामाग्रीहरु जस्तै बिउ बिजन,स्प्रेयर, पाइप, लगायतमा कम्तीमा ५० प्रतिशत लागत सहभागिता गर्नु पर्नेछ ।

(घ) इच्छुक कृषकहरुले लागत सहभागिताको रकम एकमुष्ठ अग्रीम रुपमा समूह मार्फत वडा स्तरीय परियोजना व्यवस्थापन समितिमा जानकारी गराई जम्मा गर्नुपर्नेछ ।

(ङ) पालिका वा परियोजना समन्वय समितिले माग भए बमोजिम सबै कृषकहरुका लागि रैथाने बालीको बिउ बिजन, स्प्रे टंकी र आवश्यक बिषादिको व्यवस्था लागत सहभागितामा गर्न सहजीकरण गर्नेछ ।

(च) विनियोजित बजेट उत्तरगयागा उँपालिका वा अन्तरगतको परियोजना अन्तर्गत साझेदार संस्था मार्फत खरिद गरिएको बिजकको आधारमा प्रक्रिया मार्फत छनौट भएको आपुर्तिकर्तालाई भुक्तानी गरिनेछ र सो को प्रतिवेदन पालिकामा पेश गरिनेछ ।

(छ) उत्पादनभएको रैथाने बालीको मूल्य निर्धारण, ढुवानी तथा बजारीकरण पालिका समन्वय समितिले गर्नेछ । रैथाने बाली विकास कार्यक्रमको भुक्तानी माग तपशिल बमोजिमहुनेछ ।

क) समूह वा कृषकको निवेदन

ख) माइन्युटको फोटोकपि

ग) कामको संक्षिप्त प्रतिवेदन

घ) सम्वन्धित वडा कार्यालयको प्रमाणिकरण

ङ) अनुगमन प्रतिवेदन

## परिच्छेद-१४

४४. यस कार्यविधिमा उल्लेखित विषयहरु बाहेक अन्य विषयहरुमा प्रचलित कानून बमोजिम हुनेछ । यस कार्यविधिमा उल्लेखित कुनै पनि कुरा संघीय कानून, प्रादेशिक कानून तथा अन्य प्रचलित कानूनसँग बाझिनगएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसुचि-१

बीउ बोका छनौटको मापदण्ड

- एकै समयमा ब्याएको बोका मध्ये अत्यधिक शरीरको वजन भएको
- शारीरिक रूपमा स्वस्थ र सक्रिय
- लामो बेलनाकार र खदिलो शरीर

- आक्रामक
- जातीय गुण भएको
- उमेर २.५ वर्ष भन्दा माथीको ।
- ठुलो र एकरुपले मिलेको अन्डकोष साथै प्रजनन जनेन्द्रियमा कुनै असमान्यताहरू नभएको
- हाडनाताबाट नजन्मिएको
- उच्च वृद्धि दर र विकासको क्षमता भएको
- स्थानीय हावापानीमा हुर्कन सक्ने क्षमता भएको

## अनुसूचि-३

बाख्रा छनौटका मापदण्डहरु

- कम्तीमा १८ के.जि. तौल भएको
- शारीरिक रूपमा स्वस्थ र सक्रिय
- लामो बेलनाकार र खदिलो शरीर
- जातीय गुणहरु भएको, हाडनाताबाट नजन्मिएको
- दुई वर्षमा तीन पटक ब्याएको माउ बाख्राबाट जन्मिएकोलाई प्राथमिकतामा राख्ने
- पहिलो देखि तेस्रो बेत भित्रको साथै जुम्ल्याहा पठापाठीपाउनेलाई प्राथमिकतामा राख्ने
- स्वस्थ कल्चौंडो र मिलेको थुन
- पाठापाठी हुर्काउन (दुध पुर्याउन) सक्ने क्षमता भएको
- गर्भपतनको कुनै इतिहास नभएको
- स्थानीय हावापानीमा हुर्कन सक्ने क्षमता भएको

## अनुसुचि-४

बंगुर छनौटका मापदण्ड

- कम्तीमा ९ महिना उमेर पुरा भएको र माउबाट छुटाई प्रजननका लागि राखिएको उन्नत जातको सुँगुर, बंगुर



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

४) दोस्रो पक्षले पहिलो पक्षबाट प्राप्त रकमलाई परिचालन गर्नका लागि संचालक समितिको निर्णय अनुसार गर्नुपर्नेछ । संचालक समितिले निर्णय गर्दा पहिलो पक्षको सहयोग लिनु पर्नेछ ।

५) सहयोगि टोलीले गरेको खर्चको अनुमोदन सम्बन्धित समूहको बैठकले गर्नेछ । उक्त समूहको निवेदन, माइन्युटको फोटोकपि र कामको संक्षिप्त प्रतिवेदन पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

**पहिलो पक्षको तर्फ बाट**
नाम, थर:
संस्थाको नाम:
ठेगाना:
पद:
मिति:
हस्ताक्षर
संस्थाको छाप

**साक्षी :**
नाम, थर:
संस्थाको नाम:
ठेगाना:
पद:
मिति:
हस्ताक्षर

**दोश्रो पक्षको तर्फ बाट**
नाम, थर
समूहको नाम:
ठेगाना:
पद:
मिति:
हस्ताक्षर
समूहको छाप

**साक्षी :**
नाम, थर
समूहको नाम:
ठेगाना:
पद:
मिति:
हस्ताक्षर

**अनुसुचि-६**
**स्वावलम्बन समूहले पेश गर्ने संक्षिप्त प्रतिवेदनको ढाँचा:**

१. समूहको संक्षिप्त परिचय
समूहको नाम:
ठेगाना:
सदस्य संख्या:

२. सहयोगि टोलिको विवरण:

| सहयोगि टोलि नं. | गठन मिति | टोलीमा भएका सदस्य संख्या | टोली संयोजकको नाम | फोन नं. |
|---|---|---|---|---|
| | | | | |

**३. मुख्य क्रियाकलाप र उपलब्धि**

| मुख्य क्रियाकलापह | मुख्यउपलब्धि |
|---|---|
| सहयोगि टोलिको बैठक | |
| घरदैलो | |
| उपहार समूहगठन | |
| उपहार समूहगठनगर्दा उपलब्ध गराईएका स्टेशनरीको विवरण | |



चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

| | |
|---|---|
| उपहार समूहको बैठक | |
| उपहार समूहको कार्ययोजना निर्माण | |
| उपहार समूहले सञ्चालन गरेका मुख्य गतिविधीहरु | |

**४. सिकाई**

- 
- 
- 

प्रतिवेदक
समूहको अध्यक्ष

**अनुसुचि-७**
**स्वावलम्बन समूहले रकम माग गर्ने निवेदनको ढाँचा**

मितिः

**श्री प्रमुख ज्यु**
......................

**विषयः रकम माग सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा ....................गाउँपालिका र .............................(साझेदार संस्था) को आर्थिक सहयोग र ............... संस्थाको सहजीकरणमा .........गाउँपालिकामा सञ्चालित सामुदायिक विकासका लागि साझा उद्यम परियोजना अन्तर्गत गठित ........................स्वावलम्बन महिला समूहले ..........जिल्ला ...........गाउँपालिका ............नं. वडामा सहयोगि टोली मार्फत उपहार समूह गठन तथा परिचालन गर्नका लागि ............रकम (अक्षरुपी..................) उपलब्ध गराई सहयोग गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

निवेदनका साथ संलग्न कागजात

- सहयोगि टोलि गठनको निर्णय प्रतिलिपि
- सम्बन्धित् वडा कार्यालयको सिफारिस पत्र

निवेदक
अध्यक्ष
.....समूह

चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

अनुसुचि-८

## स्वावलम्बन समूहले फर्स्यौटका लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः

श्री प्रमुख ज्यु

....................................

**विषय फर्स्यौट सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा ........................गाउँपालिका र ......................(साझेदार संस्था) को आर्थिक सहयोग र .............. संस्थाको सहजीकरणमा ...........गाउँपालिकामा सञ्चालित उत्तरगया कृषि तथ पशु विकास उद्यमशिलता कार्यक्रमका लागि परियोजना अन्तर्गत गठित ..........................स्वावलम्बन महिला समूहले ...........जिल्ला ...........गाउँपालिका ............नं. वडामा सहयोगि टोली मार्फत उपहार समूह गठन तथा परिचालन गर्नका लागि संस्थाबाट प्राप्त भएको ............रकम (अक्षरुपी...................) बाट काम सम्पन्न भएकोले आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं । नियम बमोजिम फर्स्यौट गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**संलग्नकागजात**

- माइन्युटको फोटोकपि
- प्रतिवेदन

निवेदक<br>
अध्यक्ष<br>
.......समूह

अनुसुचि ९

### ...................... गाई फार्म

# व्यवसायिक योजना

योजनातयार गरेको मितिः

उद्यमीको नामः

उद्यमीको ठेगाना :

१.वार्षिक उत्पादन र बिक्रि लक्ष्यः

| [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |



जसली गुरुङ<br>
कार्यवाहक अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२.क) ह्रास कट्टी विवरण :

| क्र.सं. | विवरण | परिमाण | दर | जम्मा (क) | आयु (वर्ष) (ख) | वार्षिक ह्रास कट्टी (क÷ख) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२.ख) पूंजीगत लगानी:

| क्र.सं. | विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |

३. खर्च योजना

| क्र.सं. | विवरण र इकाई | दर | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम | परिमाण | जम्मा रकम |
| १. | ह्रास कट्टी (रु.) | | | | | | | |
| २. | ब्याज खर्च (रु.) | | | | | | | |
| ३. | पुँजीगत लगानी (गाई/भैंसी खरिद) | | | | | | | |
| ४. | दाना खरिद (बोरा) | | | | | | | |
| ५. | औषधी खोप तथा उपचार खर्च (रु.) | | | | | | | |
| ६. | नुन, खनिज (किलो वा गोटा) | | | | | | | |
| ७. | विमा शुल्क (रु.) | | | | | | | |
| ८. | राँगो, साढे वा ए.आई. सेवा (रु.) | | | | | | | |
| ९. | दाम्लो खरिद रु. | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०. | हसिया वा अन्य औजार खरिद | | | | | | | |
| ११. | घाँस पराल खरिद | | | | | | | |
| १२. | बाह्य जनशक्ति खर्च | | | | | | | |
| १३. | अन्य केहि भएमा | | | | | | | |
| | **जम्मा उत्पादन खर्च (रु.)** | | | | | | | |

**४. आम्दानीयोजना**

| क्र.सं. | विवरण/प्रकार | पहिलो वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर | परिमाण | जम्मा रकम | दर | परिमाण | जम्मा रकम | दर | परिमाण | जम्मा रकम |
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |

**५. वार्षिक नाफा नोक्सान विवरण**

| विवरण | वर्ष १ | वर्ष २ | वर्ष ३ |
|---|---|---|---|
| क. जम्मा उत्पादन खर्च | | | |
| ख. जम्मा विक्री आम्दानी | | | |
| ग. बिक्रिबाट नाफा | | | |

**५. निष्कर्ष :**

माथिको तथ्यांकलाई विश्लेषण गर्दा उल्लेखित..............व्यवसाय फाईदाजनक देखिन्छ । आफूसँग भएको श्रोत साधनको परिचालन गरि वार्षिक रु ............ थप खर्च गरि रु ..............आम्दानी र रु.......... नाफा हुने र दुग्ध व्यवसायमा हाम्रो ......................... सहकारी संस्थाबाट मलाई आवश्यक वित्तिय सेवा, बिमा सेवा, उत्पादन सामाग्री र प्राविधिक सेवाका साथै उचित मूल्यमा विक्रि गर्ने वातावरण समेत मिलाएको अवस्थामा मैले यो व्यवसालाई अघिबढाउने निर्णय गर्दछु । साथै मेरा आफ्ना उत्पादनहरु ................ सहकारी मार्फत नै विक्रि गर्नेछु ।

चमेली गुरुङ
कार्यवाहक अध्यक्ष

| | | | |
|---|---|---|---|
| बीउ | १२० के.जी | १२० के.जी | प्रति केजी रु.५५ |
| जोताई | ३ घण्टा | १.५ घण्टा | प्रति घण्टा ८०० |
| श्रम | ४ जना | ४ जना | प्रति जना ६०० |

यस सम्झौतामा उल्लेखित टेबल नं. (६) मा उल्लेखित लागत विवरण बमोजिम हुने खर्च देहाय बमोजिम हुने छ ।

बाझो जमिन प्रति रोपनी लागत रकम रु. ११,४००।००

खेती योग्य जमिन प्रति रोपनी लागत रकम रु. १०,२००।००

**७. दोश्रो पक्षको विवरण तथा हस्ताक्षर:**

**उत्तरगया गाउँपालिका वडा नं................... टोल.......................................**

**समूहको नाम:...............................................................................................**

| कृषकको नाम | सम्पर्क नं | बैंकको नाम | खाता नं | खातामा भएको नाम | दोश्रो पक्षको हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

| पहिलो पक्षको तर्फबाट | रोहबर (वडाअध्यक्ष वा वडा समितिका पदाधिकारी) |
|---|---|
| नाम, थर : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर | हस्ताक्षर |
| मिति | मिति : |
| **साक्षीहरु** | |
| नाम, थर : | |
| पद : | |
| हस्ताक्षर | |

**अनुसूची-११**

**सामाग्री बुझेको भर्पाई**

आज मिति ......................................................... गतेका दिन उत्तरगया गाउँपालिका ........................ (साझेदार संस्था) को आर्थिक सहयोगमा ........................ (कार्यान्वयन गर्ने संस्था)

२. अनुगमन गरिएको मिति र स्थान

| मिति | ठेगाना/स्थान |
|---|---|
| | |

३. किसानले सञ्चालन गरेको व्यवसायको विवरण र अवस्था:

| क्र.सं. | किसानको नाम | जग्गाको किसिम | | उद्यम सञ्चालन गरिएको जग्गाको क्षेत्रफल (रोपनी) | किसानले रोपेको बीउ (केजि)/पशु संख्या/बोट गोठ | गुणस्तर | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बाँझो | खेतीयोग्य | | | राम्रो | ठीकै | कमसल |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

४. अनुगमनको क्रममा देखिएका राम्रा पक्षहरु

५. सुझावहरु:

६. निश्कर्ष:

७. अनुगमनमा सहभागिहरुको विवरण

| नाम, थर | संस्था/पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

चमेली गुरुङ
कार्यवाहक अध्यक्ष